# कालीमाटी गाउँ कार्यपालिकाको १७औं बैठक

आज मिति २०८१।२।१४ गतेका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्रि के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजीमका निर्णयहरु गरियो ।

## उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्रि के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण प्रसाद पौड्याल | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्रि | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

## आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री दिप बहादुर वली | एमआईएस अपरेटर | |
| २ | श्री छविलाल खत्रि | कार्यालय सहयोगी | |

**प्रस्तावहरुः**

१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२ स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सम्बन्धमा ।

३ जस्तापाता वितरण सम्बन्धमा ।

४ समयमा अनुगमन हुन नसकी भुक्तानी नभएका योजना सम्बन्धमा ।

CamScanner

## निर्णयहरु

### निर्णय नं. १

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको १६ औं बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो । निर्णयहरु कार्यान्वय भएकाले आगामि निर्णयहरु पूर्णरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो, उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयनको लागि स्थानीय छनौटको आशयपत्रमा उल्लेखित गरिएका बुँदा अनुरुप आ.ब. २०८१।०८२ मा स्थानीय पूर्वाधार सहयोग (LISP) कार्यक्रम साझेदारीमा गर्न कालिमाटी गाउँपालिका सहभागी हुनको लागि प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

खरको छाना विस्थापित कार्यक्रम अन्तर्गत कालिमाटी गाउँपालिका क्षेत्रभित्र हालसम्म वितरण गरेका जस्तापाता तथा घरधुरी संख्या विवरण एकिन गरी जिन्सी शाखाले उपलब्ध गराउने र आ. ब.२०८०।०८१ मा वितरण गर्ने जस्तापाताको लागि पालिकास्तरीय जस्तापाता वितरण छनौट समितिको मिति २०८१।०१।३० गतेको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

कालिमाटी गाउँपालिका क्षेत्रभित्र संचालन भएका प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम, गाउँपालिबाट संचालित कोटेशन, ठेक्का टेण्डर लगायतका योजनाहरुको समयमा अनुगमन हुन नसकी भुक्तानीमा ढिलाई भएको भन्ने सम्बन्धमा छलफल हुँदा काम सम्पन्न भएका बखत योजनाहरुको वडाको सिफारिस र प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित गरियो ।